नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, असार ३० गते, २०७३ साल (अतिरिक्ताङ्क ५

भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७३ को ऐन नं. २

सार्वजनिक खरिद ऐन,२०६३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना :सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सार्वजनिक खरिद (पहिलो संशोधन)ऐन, २०७३" रहेको छ ।

(२) यो ऐनतुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ मा संशोधन : सार्वजनिक खरिद ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-(१) खण्ड (ग) मा रहेका "चल वा अचल" भन्ने शब्दहरु पछि ",सजीव वा निर्जीव" भन्ने शब्दहरुथपिएका छन् ।

(२) खण्ड (ढ) मा रहेका "प्रकोप तथा" भन्ने शब्दहरु पछि "महामारी वा" भन्ने शब्दहरुथपिएका छन् ।

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क)प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दासो हदसम्म यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क)" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा
(१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "पच्चीस हजार रुपैयाँसम्मको" भन्ने शब्दहरुको सट्टा"निर्माण कार्यको हकमा बाहेक एक लाख रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल ऐनमा दफा ५क. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

"५क. स्वीकृत गर्नु पर्ने: (१) सार्वजनिक निकायले दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नु पर्नेछ ।

(२) दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अङ्कमा पच्चीस प्रतिशत भन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइनवालागत अनुमान तयार, जाँच वास्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारवाहीको भागिदारहुनेछ।"

६. मूल ऐनमा दफा ६क. थप : मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छः-

"६क. मौजुदा सूची तयार गर्नु पर्ने: (१)प्रत्येक सार्वजनिक निकायले दफा ३०को उपदफा (६), दफा ४१को उपदफा (१)को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा (२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्नेछ ।

(२) कुनै आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकले उपदफा (१) बमोजिमकोसूचीमा समावेश हुन चाहेमा तोकिएको कागजात सहित सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको मौजुदा सूची अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको हुनेछ ।

(४)उपदफा (३) को प्रयोजनको लागि सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवाप्रदायकले सूची अद्यावधिक गर्न प्रत्येक वर्ष सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्नेछ ।

(५) मौजुदा सूची सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

७. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को,-

(१)उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुनेछ ।"

(२) उपदफा (३) मा रहेका "एउटा खरिद इकाईको स्थापना गर्नु पर्ने वा सोको जिम्मेवारी तोक्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ" भन्ने शब्दहरु र खण्ड (ख) र (ग) मा रहेका "आवश्यकतानुसार हेरफेर गरी" भन्ने शब्दहरुको सट्टा "सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (४) मा रहेका "खरिद इकाई वा सोको जिम्मेवारी तोकिएको इकाईले" भन्ने शब्दहरुको सट्टा "खरिद महाशाखा,

शाखा वा इकाईको जिम्मेवारी तोकिएको अधिकारीले" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन्:-

"(५) उपदफा (३) बमोजिम स्थापना भएको खरिद महाशाखा, शाखा वा इकाईको प्रमुखको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) यस ऐन बमोजिम गरिएको खरिद सम्झौताको कार्यान्वयन गर्न गराउन नियमित रुपमा सुपरीवेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको कर्तव्य हुनेछ ।"

८. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को खण्ड (क) को उपखण्ड (६) पछि देहायका उपखण्ड (७), (८), (९) र (१०) थपिएका छन्:-

"(७) एकमुष्ट दर विधिबाट,

स्पष्टीकरण: यस उपखण्डको प्रयोजनको लागि "एकमुष्ट दर विधिबाट" भन्नाले प्रत्येक इकाईको परिमाण र लागत अनुमानको कुल अङ्क भन्दा के कति घटी वा बढी प्रतिशतमा काम गर्ने हो सो कबोल गरी बोलपत्र पेश गर्ने विधि सम्झनु पर्छ ।

(८)उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने विधिबाट,

स्पष्टीकरण: यस उपखण्डको प्रयोजनकोलागि "उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने विधिबाट" भन्नाले कुनै मालसामान निर्माण गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको बिक्री मूल्य सम्बन्धित कम्पनीको वेभसाइट वा कागजात (ब्रोसर)मा सार्वजनिक गरेपछि समान स्तरको मालसामान उत्पादन गर्ने

कम्पनीले तोकेको मूल्यमा प्रतिस्पर्धा गराई गरिने खरिद विधि सम्झनु पर्छ ।

(९) सीमित बोलपत्रदाताले भाग लिने (लिमिटेड टेण्डरिङ्ग) खरिद विधिबाट,

स्पष्टीकरण: यस उपखण्डको प्रयोजनको लागि "सीमित बोलपत्रदाताले भाग लिने (लिमिटेड टेण्डरिङ्ग) खरिद विधिबाट" भन्नाले कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिदमा सीमित उत्पादक, आपूर्तिकर्ता वा सेवा प्रदायक मात्र भएमा त्यस्तो उत्पादक, आपूर्तिकर्ता वा सेवा प्रदायकबीच मात्र प्रतिस्पर्धा गराई गरिने खरिद विधि सम्झनु पर्छ ।

(१०) नयाँ लिने पुरानो दिने (बाई ब्याक मेथड) खरिद विधिबाट,

स्पष्टीकरण: यस उपखण्डको प्रयोजनको लागि "नयाँ लिने पुरानो दिने (बाई ब्याक मेथड) खरिद विधिबाट" भन्नाले निश्चित समय पछि औचित्यहीन हुने वा जनस्वास्थ्य वा वातावरणको दृष्टिले लिलाम गर्न वा भण्डारण गरी राख्न नमिल्ने वा प्रयोग गर्न नहुने अवस्थाका मालसामान वा मेसिनरी औजार तोकिए बमोजिम मूल्याङ्कनगरी सम्बन्धित उत्पादक वा आपूर्तिकर्तालाई फिर्ता दिई नयाँ लिने विधि सम्झनुपर्छ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (७), (८), (९) र (१०) बमोजिमका खरिद विधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

९. मूल ऐनको दफा १०मा संशोधन : मूल ऐनको दफा १० को उपदफा
(५) को सट्टा देहायको उपदफा (५) राखिएको छ:-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक दुई करोड रुपैयाँसम्मको लागत अनुमान भन्दा कम लागतअनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गरिने छैन ।"

१०. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ कोउपदफा (२) को खण्ड (ढ) पछि देहायका खण्ड(ढ१), (ढ२), (ढ३) र (ढ४) थपिएका छन्:-

"(ढ१) बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुलअङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुलअङ्कोपाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत राख्नु पर्ने कुरा,

(ढ२) बोलपत्रदाताले कुनै सार्वजनिक निकायमा बोलपत्र दिंदा वा सम्झौता गर्दा पेश गरेको आर्थिक र प्राविधिक विवरण,

(ढ३) बोलपत्रदाताले कुनै सार्वजनिक निकायसँग सम्झौता गरी कुनै कार्य प्रारम्भ गरेको भए त्यस्तो निकाय, कामको विवरण, सम्झौताको रकम र कार्य प्रगतिको विवरण,

(ढ४) खण्ड (ढ३) बमोजिम कार्य प्रारम्भ गरेको अवस्थामा दफा ७ को उपदफा (३) को खण्ड (ख) मा उल्लिखित कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकायमा प्रयोगमा रहेको बोलपत्रदाताको प्राविधिक क्षमता त्यस्तो निकायलाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको प्राविधिक क्षमता थप कार्यको लागि गणना नहुने कुरा,"

११. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को,-

(१)उपदफा (४) पछि देहायका उपदफा (४क) र (४ख) थपिएकाछन्:-

"(४क) दफा २६ को उपदफा (५) बमोजिमको अवस्थामा बाहेकउपदफा (४) बमोजिम बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव पेश गर्न दिइएको अवधिभित्र कुनै बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव नपरेमा वा परेपनि सारभूत रुपमा प्रभावग्राही नभई पुन:बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव आह्वानगर्नु परेमा सार्वजनिक निकायलेआवश्यकता अनुसार राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा कम्तीमा पन्ध्र दिन र अन्तर्राष्ट्रिय स्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा कम्तीमा एक्काइस दिनको समयावधि दिई पुन: बोलपत्र वा पूर्व योग्यता निर्धारण प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(४ख) उपदफा (४क) बमोजिम दिइएको अवधिभित्र पनि कुनै बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव नपरेमा वा परेपनि सारभूत रुपमा प्रभावग्राही नभएमा र तत्काल खरिद नगरे सार्वजनिक निकायलाई हानी नोक्सानी हुने वा सो निकायको कुनै काम रोकिने भएमा सार्वजनिक निकायले त्यसको औचित्य खुलाई राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई सात दिनसम्मको अवधि दिई पुन: बोलपत्र आह्वान गरी वा दफा ८ बमोजिम कुनै खरिद विधि छनौट गरी सोही प्रकृया अनुरुप खरिद गर्न सक्नेछ ।"

(२) उपदफा (८)को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:-

"तर राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट हुने निर्माण कार्यको खरिदमा तोकिएको लागत अनुमानसम्म स्वदेशी बोलपत्रदाता बीच मात्र प्रतिस्पर्धा गराई खरिद गर्न सकिनेछ ।"

१२. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ मा रहेका "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४), (४क) वा (४ख)" भन्ने शब्दहरु राखिएका छन् ।

१३. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा(२) पछि देहायको उपदफा (३) थपिएको छ:-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय सञ्चारको माध्यम प्रयोग गरी गरिने खरिदको लागि बोलपत्र पेश गर्ने तरिका सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत विद्युतीय खरिद प्रणाली बमोजिम हुनेछ ।"

१४. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिनेबाहेक कुनै बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा चौबीसघण्टा अगावै सिलबन्दी निवेदन दिनु पर्नेछ ।"

१५. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क)दफा १९ को उपदफा (१) मा उल्लिखित अवधि पछि बोलपत्रदाताले बोलपत्र संशोधन वा फिर्ता माग गरेमा,"

१६. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) दफा २७ को उपदफा (६)बमोजिमको प्रक्रिया अपनाउँदा पनि बोलपत्रदातासँग सम्झौता हुन नसकेमा,"

१७. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को,-

(१)उपदफा (४) को अन्तमा देहायको वाक्यांश थपिएको छ:-

"यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुलगरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकमकबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नु पर्नेछ ।"

(२)उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :-

"(६क) सार्वजनिक निकायले बोलपत्र स्वीकृति र खरिद सम्झौता सम्बन्धी काम सामान्यतया दफा २० बमोजिमको बोलपत्रको मान्य अवधिभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।"

१८. मूल ऐनको दफा ४१ मा संशोधन : मूल ऐनको दफा ४१ को,-

(१)उपदफा (१) को खण्ड (घ) पछि देहायका खण्ड (घ१), (घ२) र (घ३) थपिएका छन्:-

"(घ१) एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग कुनै खरिद गर्नु परेमा,

(घ२) अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थासँग सो संस्थाले तोकेको दररेटमा मालसामान वा सेवा खरिद गर्नु परेमा,

(घ३) विशेष परिस्थितिमा खरिद गर्नु परेमा,"

(२) उपदफा (२) को खण्ड (ङ) झिकिएको छ ।

१९. मूल ऐनको दफा ५२ मा संशोधन : मूल ऐनको दफा ५२ को उपदफा (२) को खण्ड (ज) मा रहेका "पेश्की भुक्तानी" भन्ने शब्दहरु झिकिएका छन् ।

२०. मूल ऐनमा दफा ५२क. थप : मूल ऐनको दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छ :-

"५२क. पेश्की सम्बन्धी व्यवस्था: (१) सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानतलिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्की दिंदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्नेगरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने छ।

(३) दफा १० को उपदफा (५) को अवस्थामा बाहेक पेश्की रकम सम्झौता भएको कार्यकोलागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुनेछ।

(४) आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले उपदफा (२) बमोजिम पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम लिएको पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको अग्रिम बैंक जमानत जफत हुनेछ ।

(७) पेश्की सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२१. मूल ऐनको दफा ५४ मा संशोधन : मूल ऐनको दफा ५४ को सट्टा देहायको दफा ५४ राखिएको छ :-

"५४. भेरिएसन आदेश: (१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट

कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्नेछ :-

(क) पाँच प्रतिशतसम्मको भेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले,

(ख) दश प्रतिशतसम्मको भेरिएशन सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले,

(ग) पन्ध्र प्रतिशतसम्मको भेरिएशन विभागीय प्रमुखले,

(घ) पन्ध्र प्रतिशत देखि माथि पच्चीस प्रतिशतसम्मको भेरिएशन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकायको प्रमुखले,

(ङ) पच्चीस प्रतिशत भन्दा माथिको भेरिएशन दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार मन्त्रिपरिषद्ले,

(च) दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा पन्ध्र प्रतिशत देखि माथिको भेरिएशन सो निकायको सर्वोच्च कार्यकारी निकायले ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम भेरिएशन आदेश गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्ले र दफा २ को खण्ड (ख)को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञहरुको समूह

गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएशन आदेश जारी गर्न हुँदैन ।

(४)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साठीलाख रुपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएशन आदेश विभागीय प्रमुखले जारी गर्न सक्नेछ ।

२२. मूल ऐनको दफा ५५ मा संशोधन : मूल ऐनको दफा ५५ को उपदफा (१) मा रहेका "पन्ध्र महिना" भन्ने शब्हरुको सट्टा "बाह्र महिना" भन्ने शब्दहरु राखिएका छन् ।

२३. मूल ऐनको दफा ५८ मा संशोधन : मूल ऐनको दफा ५८ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :–

"(१क) उपदफा (१) बमोजिम आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम मध्यस्थताको माध्यमबाट विवाद समाधान गर्ने कुरा खरिद सम्झौतामा उल्लेख गर्नु पर्नेछ।"

(२)उपदफा (२), (३), (४) र (५) झिकिएका छन् ।

२४. मूल ऐनको दफा ५९ मा संशोधन : मूल ऐनको दफा ५९ को,-

(१) उपदफा (२) कोखण्ड (क) मा रहेका "कार्य सम्पादन नगरेमा" भन्ने शब्दहरुको सट्टा "कार्य सम्पादन नगरेमा, दफा ६२ को उपदफा (२) बमोजिम आचरण पालना नगरेमा वा पेश्कीको दुरुपयोग गरेमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (५) पछि देहायका उपदफा (६),(७),(८), (९), (१०), (११) र (१२) थपिएका छन्:-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खरिद सम्झौता गर्नेले सार्वजनिक निकायलाई पूर्व जानकारी नदिई सम्झौता तोड्न पाउने छैन ।

(७) सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(९) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा त्यस्तो सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्नका लागि दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरु मध्येबाट पन्ध्र दिनको म्याद दिई तोकिए बमोजिम आर्थिक प्रस्ताव मागगरी सम्झौता गर्न सकिनेछ ।

(१०) उपदफा (९) बमोजिमको आर्थिक प्रस्ताव माग गर्नु अघि एक तह माथिको अधिकारीबाट स्वीकृति लिनु पर्नेछ ।

(११) उपदफा (९) बमोजिमको आर्थिक प्रस्ताव निर्माण कार्यका लागि माग गरिएको खुला बोलपत्रको माध्यमबाट भएको सम्झौताको हकमा मात्र लागू हुनेछ ।

(१२) उपदफा (९) बमोजिम सम्झौता हुन नसकेमा यस ऐन बमोजिमको खरिद प्रकृया अवलम्बनगरी खरिद कारवाही प्रारम्भ गर्नु पर्नेछ ।"

२५. मूल ऐनमा दफा ६१क. थप : मूल ऐनको दफा ६१ पछि देहायको दफा ६१क.थपिएको छ:-

"६१क. विभागीय कारबाही हुने : (१) तालुक कार्यालय वा अख्तियार प्राप्त निकायले अनुगमन गर्दा सम्बन्धित पदाधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित जिम्मेवारी पूरा नगरेको वा आचरण पालना नगरेको देखिएमा त्यस्ता पदाधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न अख्तियार प्राप्त अधिकारीसमक्ष लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो पदाधिकारीलाई निजको सेवा, शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाहीगरी सोको जानकारी त्यसरी लेखी पठाउने निकायलाई दिनु पर्नेछ ।"

२६. मूल ऐनको दफा ६३ मा संशोधन : मूल ऐनको दफा ६३ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

"(ख) दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा,"

२७. मूल ऐनको दफा ६४ मा संशोधन : मूल ऐनको दफा ६४ को,-

(१)उपदफा (१) को सट्टा देहायको उपदफा (१)राखिएको छ:–

"(१) सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत एक सार्वजनिक खरिद अनुगमन कार्यालय रहनेछ ।"

(२) उपदफा (३) झिकिएको छ ।

२८. मूल ऐनको दफा ६५ मा संशोधन : मूल ऐनको दफा ६५ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

"(ख) टर्न कि, ई.पि.सि, संरचनात्मक वा इकाई दर सम्झौता, व्यवस्थापन सम्झौता जस्ता खरिद विधिका विषयमा आवश्यक पर्ने निर्देशिका, कार्यबिधि र प्राविधिक मार्गदर्शन जारी गर्ने ।"

(ख) खण्ड (घ) मा रहेको "प्राविधिक" भन्ने शब्द झिकिएको छ ।

(ग) खण्ड (घ) पछि देहायकाखण्ड (घ१), (घ२) र (घ३) थपिएका छन्:-

"(घ१) खरिद पश्चात्को पुनरावलोकन गर्ने, गराउने,

(घ२) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवाप्रदायकको खरिद सम्बन्धी योग्यता र अनुभवको अभिलेख तयार गर्ने,

(घ३) विद्युतीय खरिद निर्देशिका जारी गर्ने,"

(घ) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छ:-

"(ठ१) खरिद विज्ञ प्रमाणीकरण गर्ने गराउने,"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ:-

"(२क) सार्वजनिक निकायबाट भएको खरिद कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिका विपरीत भएको पाइएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सो सम्बन्धमा त्यस्तो खरिद कारबाहीमा भएको त्रुटि सच्याउन र खरिद कारबाहीमा संलग्न पदाधिकारी उपर प्रचलित कानून बमोजिम कारबाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारबाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवाला समक्ष ध्यानाकर्षणका लागि लेखी पठाउन सक्नेछ । यसरी लेखी आएमा भएको त्रुटि सच्याई सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनुपर्नेछ।"

498

२९. मूल ऐनको दफा ६७ मा संशोधन : मूल ऐनको दफा ६७ को,-

(१) उपदफा (१) को खण्ड (ख) पछि देहायका खण्ड (ग), (घ), (ङ) र (च) थपिएका छन् :-

"(ग) निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोवार गर्ने तोकिए बमोजिमका सार्वजनिक निकायले व्यवसाय सञ्चालनको लागि कुनै मालसामान वा सेवा खरिद गर्नु परेमा,

(घ) सामाजिक, साँस्कृतिक कार्यक्रम वा औद्योगिक, आर्थिक, प्रविधि प्रदर्शन र प्रबर्द्धनका लागि विदेशमा आयोजना हुने मेला,महोत्सव, ट्रेडफेयर वा प्रदर्शनी जस्ता कार्यको लागि तोकिए बमोजिम विदेशमा खरिद गर्नु परेमा,

(ङ) विदेश स्थित नेपाली राजदूतावास, नियोग जस्ता सार्वजनिक निकायले मालसामान वा सेवा खरिद गर्नु परेमा,

(च) विमान सेवा सञ्चालन गर्न स्वीकृत प्राप्त सार्वजनिक निकायले एभिएशन वा विमानसँग सम्बन्धित उपकरण खरिद गर्नु परेमा।"

(२)उपदफा (२) पछि देहायकाउपदफा (३) र (४) थपिएका छन् :-

"(३) सार्वजनिक निकायले उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमको खरिदको लागि आवश्यक कार्यविधि बनाई सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमतिलिई स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

(४) सार्वजनिक निकायले उपदफा (३) बमोजिम बनाएको कार्यविधिमा उपदफा (१) को खण्ड (च) बमोजिमको खरिदको लागि विजनेश प्लान, लाईफ साइकल र नेट प्रेजेन्ट भेल्यू समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।"

३०. मूल ऐनमा दफा ६७क. थप : मूल ऐनको दफा ६७ पछि देहायको दफा ६७क. थपिएको छ :-

"६७क. खरिद कारबाहीलाई बाधा पार्न नहुने: सार्वजनिक निकायबाट भइरहेको खरिद कारबाहीका सम्बन्धमा

अख्तियार प्राप्त निकायले यो ऐन वा प्रचलित कानून बमोजिम छानविन गर्ने प्रयोजनका लागि कुनै कागजात झिकाउनु पर्दा सम्भव भएसम्म खरिद कारबाही अगाडि बढाउन बाधा नपर्ने गरी झिकाउनु पर्नेछ ।"

३१. मूल ऐनको दफा ६९ मा संशोधन : मूल ऐनको दफा ६९ को सट्टा देहायको दफा ६९ राखिएको छ:-

"६९. विद्युतीय सञ्चारको माध्यमबाट खरिद कारोबार हुन सक्ने : (१) सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय प्रणालीबाट हुने खरिदको कार्यविधि, प्रणाली र यसका अन्तरनिहित सिद्धान्त सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) विद्युतीय खरिद सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

३२. मूल ऐनमा दफा ७४क. र ७४ख. थप: मूल ऐनको दफा ७४ पछि देहायका दफा ७४क. र ७४ख. थपिएका छन्:-

"७४क. प्राविधिक मार्गदर्शन, कार्यविधि तथा निर्देशिका बनाउन सक्ने: यस ऐनको कार्यान्वयनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले आवश्यक प्राविधिक मार्गदर्शन, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ र त्यस्तो कार्यविधि वा निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

७४ख. बाधा अड्काउ फुकाउने अधिकार: यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।"

३३. मूल ऐनको दफा ७५ मा संशोधन : मूल ऐनको दफा ७५ को,-

(१)उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमका सार्वजनिक निकायका खरिद सम्बन्धी कानूनी व्यवस्था यस ऐन अनुकूल भएको नदेखिएमा सार्वजनिक खरिद अनुगमन

कार्यालयले यो ऐन अनुकूल हुने गरी संशोधन गर्न सम्बन्धित सार्वजनिक निकायलाई लेखी पठाउनु पर्नेछ ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) उपदफा (२) बमोजिम लेखी आएमा सम्बन्धित सार्वजनिक निकायले आफ्नो खरिद सम्बन्धी कानून एक महिना भित्र यस ऐन अनुकूल संशोधन गरी सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु पर्नेछ ।

(२ख) उपदफा (२क) बमोजिम जानकारी नदिएमा यस ऐनसँग बाझिएको हदसम्म खरिद सम्बन्धी त्यस्तो कानूनी व्यवस्था स्वतः अमान्य भएको मानिनेछ ।"

आज्ञाले,
टेकप्रसाद ढुङ्गाना
नेपाल सरकारको सचिव

प्रमाणीकरण मिति : २०७३।३।३०

भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७३ को ऐन नं. ३

नेपाल खुला विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : खुला शिक्षा प्रणालीका नवीनतम शिक्षण विधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धानको व्यवस्था गरी उच्च शिक्षामा सर्वसाधारणको सहज पहुँच पुऱ्याई ज्ञान, सीप, प्रविधियुक्त जनशक्ति उत्पादन गर्न नेपाल खुला विश्वविद्यालयको स्थापना र सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल खुला विश्वविद्यालय ऐन, २०७३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको एकानब्बेऔं दिनबाट प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

502

(क) "अध्ययन केन्द्र" भन्नाले दफा १६ बमोजिमको अध्ययन केन्द्र सम्झनु पर्छ।

(ख) "आधारभूत केन्द्र" भन्नाले दफा १५ बमोजिमको आधारभूत केन्द्र सम्झनु पर्छ।

(ग) "उपकुलपति" भन्नाले दफा १८ बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा १० बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ।

(ङ) "कुलपति" भन्नाले दफा १७ बमोजिमको कुलपति सम्झनु पर्छ।

(च) "कुल सचिव" भन्नाले दफा १९ बमोजिमको कुल सचिव सम्झनु पर्छ।

(छ) "डीन" भन्नाले संकायको प्रमुख सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "निर्देशक" भन्नाले अध्ययन केन्द्र र आधारभूत केन्द्रको प्रमुख सम्झनुपर्छ।

(ञ) "पदाधिकारी" भन्नाले दफा ६ बमोजिमका विश्वविद्यालयका पदाधिकारी सम्झनु पर्छ।

(ट) "प्राज्ञिक परिषद्" भन्नाले दफा १२ बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ठ) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल खुला विश्वविद्यालय सम्झनु पर्छ।

(ड) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने, अध्यापन वा विश्वविद्यालयद्वारा निर्दिष्ट प्राज्ञिक कार्य गर्ने, गराउने व्यक्ति सम्झनु पर्छ।

(ढ) "सङ्काय" भन्नाले दफा १४ बमोजिमको सङ्काय सम्झनु पर्छ ।

(ण) "सभा" भन्नाले दफा ७ बमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ ।

परिच्छेद-२

विश्वविद्यालयको स्थापना

३. विश्वविद्यालयको स्थापना : (१) खुला शिक्षा प्रणालीद्वारा विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने, गराउने काम समेतको लागि नेपाल खुला विश्वविद्यालय स्थापना गरिएको छ ।

(२) विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको नेपालको कुनै स्थानमा रहनेछ ।

(३) विश्वविद्यालयले नेपालभित्र र आवश्यकता अनुसार नेपाल बाहिर पनि आफ्नो कार्यक्रम सञ्चालनगर्न सक्नेछ ।

४. विश्वविद्यालय स्वशासित र संगठित संस्था हुने: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) विश्वविद्यालयको सबै काम, कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) विश्वविद्यालयले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(४) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजूर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

504

(५) विश्वविद्यालयले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

परिच्छेद-३

विश्वविद्यालयको संगठन तथा पदाधिकारी

५. विश्वविद्यालयको संगठनः (१) विश्वविद्यालयको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरुको सामूहिक रुप नै विश्वविद्यालयको स्वरुप हुनेछः-

(क) सभा

(ख) कार्यकारी परिषद्

(ग) प्राज्ञिक परिषद्

(घ) सङ्काय

(ङ) आधारभूत केन्द्र

(च) अध्ययन केन्द्र

(छ) तोकिए बमोजिमका अन्य निकाय ।

(२) विश्वविद्यालयको तर्फबाट गरिने सम्पूर्ण काम उपदफा
(१) बमोजिमका संगठनहरुबाट गरिनेछ ।

६. विश्वविद्यालयका पदाधिकारीहरुः विश्वविद्यालयमा देहायका पदाधिकारीहरु रहनेछनः-

(क) कुलपति

(ख) उपकुलपति

(ग) कुल सचिव

(घ) डीन

505

(ङ) निर्देशक

(च) तोकिए बमोजिमका अन्य पदाधिकारीहरु ।

परिच्छेद -४

सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. सभाको गठनः (१) विश्वविद्यालयमा सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

(क)	कुलपति	-अध्यक्ष
(ख)	सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने)	-सदस्य
(ग)	उपकुलपति	-सदस्य
(घ)	अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग	-सदस्य
(ङ)	सचिव, अर्थ मन्त्रालय	-सदस्य
(च)	सचिव, कृषि विकास मन्त्रालय	-सदस्य
(छ)	सचिव, वन तथा भू-संरक्षण मन्त्रालय	-सदस्य
(ज)	सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय	-सदस्य
(झ)	सचिव, सूचना तथा सञ्चार मन्त्रालय	-सदस्य
(ञ)	सचिव, शिक्षा मन्त्रालय	-सदस्य
(ट)	अन्यविश्वविद्यालयका पदाधिकारीहरुमध्येबाट एकजना	

महिला सहित दुईजना -सदस्य

(ठ) डीनहरु -सदस्य

(ड) निर्देशकहरु -सदस्य

(ढ) विश्वविद्यालयका प्राध्यापकहरुमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ण) गैर आवासीय नेपाली संघका अध्यक्ष र सदस्यहरुमध्येबाट त्यस्तो संघले तोकेका कम्तीमा एकजना महिला सहित तीनजना प्रतिनिधि -सदस्य

(त) शैक्षिक वा प्राज्ञिक क्षेत्रमा उल्लेखनिय योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी कम्तीमा दुईजना महिला सहित पाँचजना -सदस्य

(थ) कुल सचिव-सदस्य -सचिव

(३) कुल सचिवको नियुक्ति नभएसम्मको लागि सभाको सदस्य-सचिवको काम कुलपतिले तोकेको सभाको कुनै सदस्यले गर्नेछ ।

(४) उपदफा (२) बमोजिमका पदेन सदस्य बाहेक अन्य सदस्यको मनोनयन कार्यकारी परिषद्को सिफारिसमा कुलपतिबाट हुनेछ ।

(५) उपदफा (२) बमोजिमका मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(६) कुनै कारणले मनोनीत सदस्यको पदरिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (४) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

८. सभाको बैठकः (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) सभाको बैठक सो सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाका सदस्य-सचिवले सबै सदस्यलाई दिनेछ ।

(४) सभामा तत्काल कायम रहेको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५)सभाको बैठकको अध्यक्षता कुलपतिले र निजको अनुपस्थितिमा उपकुलपतिले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सदस्य-सचिवले बैठकमा अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई राख्नेछ ।

(८) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. सभाको काम, कर्तव्य र अधिकारः सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने,

(ख) खुला शिक्षा प्रणालीद्वारा विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने,

(ग) विश्वविद्यालयको व्यवस्थापन तथा सञ्चालनका लागि विश्वविद्यालयका विभिन्न संगठन तथा सो अन्तर्गतका निकायलाई आवश्यक मार्गदर्शन गर्ने,

(घ) विश्वविद्यालयबाट प्रदान गरिने विभिन्न उपाधि निर्धारण गरी प्रदान गर्ने,

(ङ) विश्वविद्यालयको योजना, वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(च) विश्वविद्यालयको नियम स्वीकृत गर्ने,

(छ) सभामा प्राप्त भएका विभिन्न प्रस्ताव छलफल गरी स्वीकृत गर्ने,

(ज) विश्वविद्यालयको वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

(झ) विश्वविद्यालयमा वित्तीय अनुशासन कायम राख्न कार्यकारी परिषद्लाई निर्देशन दिने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

परिच्छेद -५

कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१०. कार्यकारी परिषद्को गठन : (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) उपकुलपति -अध्यक्ष

(ख) कुल सचिव -सदस्य

(ग) सभाका महिला सदस्यहरुमध्येबाट एकजना -सदस्य

(घ) शिक्षकहरुमध्येबाट एकजना -सदस्य

(ङ) उपकुलपतिले तोकेको डीन -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा सभाबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिममनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(५) कुनै कारणले मनोनीत सदस्यको पदरिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (३) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(६) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्मको लागि त्यस्तो कार्यविधि कार्यकारी परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

११. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार: कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयलाई आवश्यक पर्ने वित्तीय स्रोत जुटाउन आवश्यक काम गर्ने,

(ग) विश्वविद्यालय सम्बन्धीनियमको मस्यौदा तयार गरी स्वीकृतिका लागि सभामा पेश गर्ने,

(घ) विश्वविद्यालयलाई आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृतिका लागि सभामा पेश गर्ने,

(ङ) विद्यार्थीबाट लिइने शुल्क, अध्ययन सामग्रीको मूल्य तथा विश्वविद्यालयले प्रदान गर्ने सेवाको शुल्क निर्धारण गर्ने,

(च) विश्वविद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीले पालना गर्नु पर्ने आचार संहिता तयार गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने,

(छ) खण्ड (च) बमोजिमको आचार संहिता विश्वविद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीले पालना गरे, नगरेको अनुगमन गर्ने, गराउने र अनुगमन गर्दा गराउँदा आचार संहिताको पालना गरेको नदेखिएमा कारबाही गर्ने,

(ज) विश्वविद्यालयको नीति, वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्ताव तयार गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने,

(झ) विश्वविद्यालयद्वारा सञ्चालित शैक्षिक कार्यक्रमको समन्वय तथा निरीक्षण गर्ने र सोको प्रतिवेदन सभामा पेश गर्ने,

(ञ) अध्ययन अनुसन्धानमा सहजताको लागि विद्युतीय पुस्तकालय तथा संग्रहालयको स्थापना तथा सञ्चालन गर्ने,

(ट) विश्वविद्यालयको कोष तथा चल, अचल सम्पत्तिको संरक्षण, नियन्त्रण, व्यवस्थापन तथा सञ्चालन गर्ने, गराउने,

(ठ) विश्वविद्यालयलाई प्राप्त दान, दातव्य तथा आर्थिक सहयोग ग्रहण गर्ने,

(ड) विश्वविद्यालयको नीति तथा कार्यक्रमको अधीनमा रही प्राज्ञिक, अनुसन्धानमूलक र पेशागत विकास सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्न तथा सोका लागि आवश्यक सहयोग जुटाउने समेतका काम गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय वा सस्थासँग सम्बन्ध कायम गर्ने,

(ढ) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको तोकिए बमोजिम नियुक्ति तथा बढुवा गर्ने,

(ण) आफूले गर्ने कामका लागि आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोलीको गठन गर्ने,

(त) विश्वविद्यालयमा वित्तीय अनुशासन कायम राख्ने तथा बेरुजु फर्छ्यौट गर्ने, गराउने,

(थ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

परिच्छेद -६

प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१२. प्राज्ञिक परिषद्को गठनः (१) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानको कार्यलाई व्यवस्थित गर्ने निकायको रुपमा काम गर्न विश्वविद्यालयमा एक प्राज्ञिक परिषद् रहनेछ ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) उपकुलपति -अध्यक्ष

(ख) डीनहरुमध्येबाट एकजना -सदस्य

(ग) निर्देशकहरुमध्येबाट एकजना -सदस्य

(घ) शिक्षकहरुमध्येबाट एकजना -सदस्य

(ङ) खुला शिक्षा प्रविधि तथापाठ्यक्रम सम्बन्धी विषयका विज्ञहरुमध्येबाट दुईजना -सदस्य

(च) विषयगत विज्ञहरुमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(छ) डीन वा निर्देशकहरुमध्येबाट उपकुलपतिले तोकेको एकजना -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा कुलपतिबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(५) कुनै कारणले मनोनीत सदस्यको पदरिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (३) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(६) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्मको लागि त्यस्तो कार्यविधि प्राज्ञिक परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको पाठ्यक्रम निर्धारण गर्ने,

(ख) पाठ्यभार हस्तान्तरण (क्रेडिट ट्रान्सफर) र पाठ्यभार सञ्चय (क्रेडिट एक्यूमूलेशन) सम्बन्धी आवश्यक काम गर्ने, गराउने,

(ग) विश्वविद्यालयको प्राज्ञिक तथा अनुसन्धान सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयद्वारा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रममा भर्नाको योग्यता तथा आधार, सङ्काय परिवर्तन विधि, सिकाई मूल्याङ्कन विधि र परीक्षाको किसिम निर्धारण गर्ने,

(ङ) शैक्षिक गुणस्तर कायम राख्न आवश्यक काम गर्ने,

(च) विश्वविद्यालयद्वारा प्रदान गरिने विभिन्न उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,

(छ) अन्य शैक्षिक संस्थाबाट प्राप्त उपाधिको समकक्षता निर्धारण गर्ने,

(ज) प्राज्ञिक र अनुसन्धानका विषयमा विश्वविद्यालयका अन्य निकायलाई राय सल्लाह दिने,

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

परिच्छेद-७

सङ्काय तथा केन्द्र

१४. सङ्काय : (१) विश्वविद्यालयमा सञ्चालन गरिने उच्च शिक्षाको लागि तोकिए बमोजिमका विभिन्न सङ्काय स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्काय स्थापना गर्दा सङ्काय अन्तर्गत सञ्चालन हुने कार्यक्रम र विद्यार्थी संख्या समेतलाई आधार बनाइनेछ ।

(३) सङ्कायको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१५. आधारभूत केन्द्रः (१) विश्वविद्यालयमा पाठ्यक्रम विकास, अध्ययन सामग्री उत्पादन तथा प्रसारण, प्राज्ञिक तथा अनुसन्धान,विद्यार्थी सम्पर्क तथा परामर्श लगायत तोकिएका अन्य कामका लागि आधारभूत केन्द्र रहनेछन् ।

(२) आधारभूत केन्द्रको स्थापना, सञ्चालनतथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. अध्ययन केन्द्रः (१) विश्वविद्यालयले विभिन्न विषयमा उच्च शिक्षा प्रदान गर्नको लागि आवश्यकता अनुसार अध्ययन केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) विश्वविद्यालयले नेपाल सरकारको स्वीकृति लिई नेपाल बाहिर अध्ययन केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(३) अध्ययन केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

परिच्छेद-८

विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१७. कुलपतिः (१) शिक्षामन्त्री विश्वविद्यालयको कुलपति हुनेछ ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ ।

(३) कुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ ।

(४) कुलपतिले आवश्यकतानुसार विश्वविद्यालयको निरीक्षण गर्न र विश्वविद्यालयलाई निर्देशन दिन सक्नेछ ।

१८. उपकुलपतिः (१) विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारीको रुपमा एक उपकुलपति रहनेछ ।

(२) नेपाल सरकारले दफा २२ बमोजिमको समितिको सिफारिसमा उपकुलपतिको नियुक्ति गर्नेछ ।

(३) विश्वविद्यालयको सबै काम कारवाही उपर उपकुलपतिको सामान्य नियन्त्रण रहनेछ र निजले विश्वविद्यालयको काम, कारबाहीमा निर्देशन दिन र रेखदेख गर्न सक्नेछ ।

(४) उपकुलपतिले सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(५) कुलपतिको अनुपस्थितिमा उपकुलपतिले दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ ।

१९. कुल सचिवः (१) विश्वविद्यालयको आर्थिक तथा कर्मचारी प्रशासनको रेखदेख, सञ्चालन तथा समन्वय गर्न विश्वविद्यालयमा एक कुल सचिव रहनेछ ।

(२) कुल सचिव पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) कुलपतिले दफा २२ बमोजिमको समितिको सिफारिसमा कुल सचिवको नियुक्ति गर्नेछ ।

(४)उपकुलपतिको अनुपस्थितिमा कुलसचिवले उपकुलपतिको काम गर्नेछ ।

२०. डीनः (१) सङ्कायको प्रमुखको रूपमा काम गर्न प्रत्येक सङ्कायमा एक डीन रहनेछ ।

(२) डीन पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) डीनको नियुक्ति कार्यकारी परिषद्बाट हुनेछ ।

२१. निर्देशक: (१) अध्ययन केन्द्र र आधारभूत केन्द्रको प्रमुखको रुपमा काम गर्न प्रत्येक केन्द्रमा एक निर्देशक रहनेछ।

(२) निर्देशक पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(३) निर्देशकको नियुक्ति कार्यकारी परिषद्बाट हुनेछ ।

२२. सिफारिस समिति सम्बन्धी व्यवस्था:(१) उपकुलपति र कुल सचिवको नियुक्तिको लागि सिफारिस गर्न विश्वविद्यालय अनुदान आयोगको अध्यक्षको संयोजकत्वमा शिक्षा मन्त्रालयका सचिव र नेपाल सरकारद्वारा मनोनीत एकजना महिला शिक्षाविद् रहेको सिफारिस समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेका देहायका व्यक्तिहरुमध्येबाट उपकुलपति र कुल सचिवको पदमा नियुक्तिको लागि कुलपति समक्ष सिफारिस गर्नेछ:-

(क) प्राध्यापन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरेका ख्याती प्राप्त शिक्षाविद्हरुमध्येबाट उपकुलपतिको पदमा,

(ख) प्राध्यापन, अनुसन्धान वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेका व्यक्तिहरुमध्येबाट कुल सचिवको पदमा ।

(३) उपदफा (१) बमोजिमको समितिले उपकुलपति र कुल सचिवको पदमा नियुक्तिको लागि सिफारिस गर्दा अपनाउने प्रक्रिया सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. पदाधिकारीको सेवा, शर्त, सुविधा तथा काम, कर्तव्य र अधिकार:(१) उपकुलपति, कुल सचिव, डीन तथा निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

516

(२) पदाधिकारीको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२४. अन्य पदाधिकारीहरु:(१) विश्वविद्यालयमा यस ऐनमा उल्लेख भए बाहेक तोकिए बमोजिमका अन्य पदाधिकारी रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२५. पद रिक्त हुने अवस्था : देहायको कुनै अवस्थामा उपकुलपति, कुल सचिव, डीन वा निर्देशकको पद रिक्त भएको मानिनेछ :-

(क) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ग) निजलाई दफा २६ बमोजिम पदबाट हटाइएमा,

(घ) निजको मृत्यु भएमा ।

२६. पदबाट हटाउन सकिने : (१) उपकुलपति तथा कुल सचिवले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकुलको आचरण नगरेको भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यहरुले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा शिक्षा मन्त्रालयको सचिव र विश्वविद्यालय अनुदान आयोगको सदस्य रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिनभित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाको बैठकले उपकुलपति वा कुल सचिवलाई पदबाट हटाउने निर्णय गरेमा कुलपतिले उपकुलपति वा कुल सचिवलाई पदबाट हटाउनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपकुलपति वा कुल सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) उपकुलपति र कुल सचिवबाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोपमा छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानबिन गर्न छानबिन समिति गठन भएपछि त्यसको अन्तिम निर्णय नभएसम्मको लागि त्यस्तो पदाधिकारी स्वतः निलम्बन हुनेछ ।

(८) उपदफा (७) बमोजिम उपकुलपति निलम्बन भएमा कुल सचिवले र कुल सचिव निलम्बन भएमा कुलपतिले तोकेको विश्वविद्यालयको कुनै पदाधिकारीले निलम्बन भएको अवधिभर निजको काम गर्नेछ ।

२७. शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था : (१) विश्वविद्यालयमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

(३) विश्वविद्यालयको कुनै काम गर्न विश्वविद्यालयका शिक्षक तथा कर्मचारीबाट सम्भव नभएमा उपकुलपतिले त्यसको कारण खुलाई कुनै विज्ञलाई करारमा नियुक्त गरी विश्वविद्यालयको काममा लगाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त विज्ञको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु करारमा उल्लेख भए बमोजिम हुनेछन् ।

परिच्छेद-९

विश्वविद्यालयको कोष, लेखा तथा लेखापरीक्षण

२८. विश्वविद्यालयको कोषः (१) विश्वविद्यालयको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले आर्थिक सहायता स्वरूप प्रदान गरेको रकम,

(घ) कुनै व्यक्ति, निकाय, संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) विदेशी व्यक्ति, सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(च) शुल्क तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम विश्वविद्यालयले कुनै रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) विश्वविद्यालयको कोषको रकम कार्यकारी परिषद्ले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) विश्वविद्यालयको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) विश्वविद्यालयको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

51

२९. लेखा र लेखापरीक्षण: (१) विश्वविद्यालयले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) विश्वविद्यालयलेतोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) विश्वविद्यालयको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

परिच्छेद-१०

विविध

३०. शिक्षण पद्धति तथा शैक्षिक कार्यक्रमको मूल्याङ्कन: विश्वविद्यालयबाट सञ्चालन गरिने शैक्षिक कार्यक्रमको शिक्षण पद्धति तथा त्यस्तो शैक्षिक कार्यक्रममा विद्यार्थीको सिकाई उपलब्धिको मूल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. प्रमाणपत्र तथा उपाधि प्रदान गर्ने : विश्वविद्यालयले तोकिएको विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई तोकिए बमोजिमको प्रमाणपत्र तथा उपाधि प्रदान गर्न र अनुसन्धनात्मक कार्य गर्ने तथा प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

३२. समकक्षता र स्तर निर्धारण गर्ने : (१) विश्वविद्यालयले स्वदेशी वा विदेशी कुनै विश्वविद्यालय वा शैक्षिक संस्थाबाट प्रदान गरिएको शैक्षिक उपाधिको विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरूसँग समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ ।

(२) विश्वविद्यालयको समकक्षता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता: विश्वविद्यालयमा भर्ना हुन चाहिने विद्यार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ ।

३४. अन्य संस्था वा निकायको संरचना प्रयोग गर्न सक्ने: विश्वविद्यालयले कुनै शैक्षिक कार्यक्रम सञ्चालनका लागि अन्य संस्था वा निकायको संरचना त्यस्तो निकाय वा संस्थाको स्वीकृतिलिई प्रयोग गर्न सक्नेछ ।

३५. सङ्काय, आधारभूत केन्द्र वा अध्ययन केन्द्र बन्द गर्न सक्ने :यस ऐन बमोजिम स्थापना गरिएका कुनै सङ्काय, आधारभूत केन्द्र वा अध्ययन केन्द्रको औचित्यता नभएमा वा आवश्यक नदेखिएमा सभाले त्यस्तो सङ्काय, आधारभूत केन्द्र वा अध्ययन केन्द्र बन्द गर्न सक्नेछ ।

३६. राष्ट्रिय शिक्षा नीति अनुरूप कार्य गर्ने: नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति अनुरूप कार्य गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ ।

३७. काम कारबाही बदर नहुने: विश्वविद्यालयको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र त्यस्तो पदाधिकारी वा सदस्य संलग्न भई गरेको विश्वविद्यालयको कुनै काम कारबाही बदर हुने छैन ।

३८. असल नियतले गरेको काममा बचाउ: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कारबाही गरिने छैन ।

३९. अधिकार प्रत्यायोजन: (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार कार्यकारी परिषद् वा प्राज्ञिक परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार विश्वविद्यालयका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) प्राज्ञिक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये

आवश्यकतानुसार केही अधिकार उपकुलपति, कुल सचिव वा डीनलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४०. नेपाल सरकारसँग सम्पर्क: विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा शिक्षा मन्त्रालय मार्फत राख्नेछ ।

४१. विश्वविद्यालयलाई छुट दिन सक्ने: नेपाल सरकारले विश्वविद्यालयको लागि आवश्यक पर्ने सामग्री आयात गर्दा वा जग्गा खरिद गर्दा प्रचलित कानून बमोजिम लाग्ने कर तथा भन्सार छुट दिन सक्नेछ ।

४२. विश्वविद्यालय विघटन सम्बन्धी व्यवस्था: (१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने भएमा नेपाल सरकारले सभाको सिफारिसमा विश्वविद्यालय विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको चल, अचल सम्पूर्ण सम्पत्ति नेपाल सरकारको हुनेछ ।

४३. नियम बनाउने अधिकार: यस ऐनको कार्यान्वयनको लागि विश्वविद्यालयले आवश्यक नियम बनाउन सक्नेछ ।

आज्ञाले,
टेकप्रसाद ढुङ्गाना
नेपाल सरकारको सचिव

प्रमाणीकरण मिति : २०७३।३।३०

522

भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७३ को ऐन नं. ४

आर्थिक वर्ष २०७३/७४ को सेवा र कार्यहरुको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०७३/७४ को सेवा र कार्यहरुको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७३" रहेको छ।

(२) यो ऐन सम्वत् २०७३ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. आर्थिक वर्ष २०७३/७४ को निमित्त संघीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७३/७४ को निमित्त अनुसूची–१ बमोजिम संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची–२

को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. ९,८२,६३,४१,१४,०००।- (अक्षरेपी नौ खर्ब बयासी अर्व त्रिसठ्ठी करोड एकचालीस लाख चौध हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संघीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सञ्चित कोषको व्यवस्था र सञ्चालन नभएसम्मको लागि प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्यय हुने रकम संघीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>विनियोजन</u> : (१) यस ऐनद्वारा संघीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७३/७४ को निमित्त अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश

प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम अनुदान संख्या १०१ देखि ६०२ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>स्थानीय निकायलाई दिइने निःशर्त अनुदान सम्बन्धी व्यवस्था</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ। यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।

अनुसूची - १
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधान बमोजिम
संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु. हजारमा

१	२	३	४	५	६
क्र. सं.	अनुदान संख्या	शीर्षकको नाम	चालु खर्च	वित्तीय व्यवस्था	जम्मा
१	१०१	राष्ट्रपति	६६०९	०	६६०९
२	१०२	उपराष्ट्रपति	५७८५	०	५७८५
३	२०२	व्यवस्थापिका - संसद	१३२०७	०	१३२०७
४	२०४	अदालत	३८७७५	०	३८७७५
५	२०६	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	७९९९	०	७९९९
६	२०८	महालेखा परीक्षकको कार्यालय	१९२६	०	१९२६
७	२१०	लोक सेवा आयोग	७११०	०	७११०
८	२१२	निर्वाचन आयोग	५३०६	०	५३०६
९	२१४	राष्ट्रिय मानव अधिकार आयोग	५४१०	०	५४१०
१०	५०२	अर्थ मन्त्रालय आन्तारिक ऋण - भुक्तानी	१७३२८४४१	१८००८६६०	३५३३७१०१
११	५०३	अर्थ मन्त्रालय वैदेशिक ऋण भुक्तानी - (बहुपक्षीय)	४७६०३०३	२१३२३९४५	२६०८४२४८
१२	५०४	अर्थ मन्त्रालय वैदेशिक ऋण भुक्तानी - (द्वीपक्षीय)	६००५९१	४१४३१७३	४७४३७६४
१३	६०२	अर्थ मन्त्रालय- विविध (न्याय परिषद्, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगका प्रमुख एवं पदाधिकारीहरु र प्रदेश प्रमुखहरुलाई दिइने पारिश्रमिक तथा सुविधाको रकम र कार्यालयको प्रशासनिक व्यय समेत)	३००००	०	३००००
		जम्मा	२२८११४६२	४३४७५७७८	६६२८७२४०

अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

संघीय सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा .

१	२	३	४	५	६	७
क्र. सं.	अनुदान संख्या	शीर्षकको नाम	चालु खर्च	पूँजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा
१	१०१	राष्ट्रपति	७९००८	२००६००	०	२७९६०८
२	१०२	उपराष्ट्रपति	२४२९८	५३५०	०	२९६४८
३	२०२	व्यवस्थापिका - संसद	१३६६७२६	४०६२३	०	१४०७३४९
४	२०४	अदालत	३१५००७३	९५५७४६	०	४१०५८१९
५	२०६	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	८२८७४२	२७५०५५	०	११०३७९७
६	२०८	महालेखा परीक्षकको कार्यालय	३३९९५५	१८००००	०	५१९९५५
७	२१०	लोक सेवा आयोग	५२५०४५	५६४९६	०	५८१५४१
८	२१२	निर्वाचन आयोग	४८४८९८	१०१३२०	०	५८६२१८
९	२१४	राष्ट्रिय मानव अधिकार आयोग	१५९२८६	३०००	०	१६२२८६
१०	२१६	महान्यायाधिवक्ताको कार्यालय	५४७१९८	२१२०००	०	७५९१९८
११	२१८	न्याय परिषद्	५०४९४	९४५	०	५१४३९
१२	३०१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५४४६५२०३	३५२७५७४५	०	८९७४०९४८
१३	३०५	अर्थ मन्त्रालय	९४८८५४५	२००६४७५	०	११४९५०२०
१४	३०६	आपूर्ति मन्त्रालय	८६६३४७	५८८१०	०	९२५१५७
१५	३०७	उद्योग मन्त्रालय	३२२३९१९	३८३१७४८	०	७०५५६६७
१६	३०८	उर्जा मन्त्रालय	९२४४३८	८१५३७८९	४१२२५००	१३२००७२७
१७	३११	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	२०९५९०	४८०७	०	२१४३९७
१८	३१२	कृषि विकास मन्त्रालय	२३६१५५७०	३८२२६९१	०	२७४३८२६१
१९	३१३	खानेपानी तथा सरसफाई मन्त्रालय	१३२२४६७	२०७५१९१३	०	२२०७४३८०

१	२	३	४	५	६	७
क्र. सं.	अनुदान संख्या	शीर्षकको नाम	चालु खर्च	पूँजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा
२०	३१४	गृह मन्त्रालय	३८७९२३४३	५६०५७८८	०	४४३९८१३१
२१	३२५	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	४३८०६६१	१५३२३१७	०	५९१२९७८
२२	३२६	परराष्ट्र मन्त्रालय	३३४०७२४	२३०२२४७	०	५६४२९७१
२३	३२७	पशुपंक्षी विकास मन्त्रालय	६५२९५१५	१९३६०४६	०	८४६५५६१
२४	३२९	वन तथा भूसंरक्षण मन्त्रालय-	८६३४४९७	५१३७६९९	०	१३७७२१९६
२५	३३०	वाणिज्य मन्त्रालय	४१८५०४	९२०८८१	०	१३३९३८५
२६	३३१	जनसंख्या तथा वातावरण मन्त्रालय	७२१६१३१	१११७८४१	०	८३३३९७२
२७	३३२	विज्ञान तथा प्रविधि मन्त्रालय	३५०२२२	५०४०१६	०	८५४२३८
२८	३३६	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	४७१६०५३	१०९९०४७	०	५८१५१००
२९	३३७	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	६५१०८७८	७२६७५९७०	०	७९१८६८४८
३०	३४०	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	२१८४५७६	२३६०७९	०	२४२०६५५
३१	३४३	युवा तथा खेलकुद मन्त्रालय	२२०२४६५	१९७९६३	०	२४००४२८
३२	३४५	रक्षा मन्त्रालय	३२६१३८८५	३४०४१२०	०	३६०१८००५
३३	३४७	सहरी विकास मन्त्रालय	४४५५४३४	१९०४९८०३	०	२३५०५२३७
३४	३४९	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	१०६१५२३	२०७४९२३	०	३१३६४४६
३५	३५०	शिक्षा मन्त्रालय	११६१३४१९८	२२६४५१	०	११६३६०६४९
३६	३५२	सहकारी तथा गरिबी निवारण मन्त्रालय	१५८८२४१	९०८२५	०	१६७९०६६
३७	३५६	सामान्य प्रशासन मन्त्रालय	९२०७५४	३७०८९	०	९५७८४३
३८	३५७	सिंचाइ मन्त्रालय	१४४२८२८	२३०१९२७७	०	२४४६२१०५
३९	३५८	सूचना तथा सञ्चार मन्त्रालय	३६१३००४	५१८७२०	०	४१३१७२४
४०	३६५	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	८८८३४४६६	२७९०३४४२	०	११६७३७९०८

१	२	३	४	५	६	७
क्र. सं.	अनुदान संख्या	शीर्षकको नाम	चालु खर्च	पूँजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा
४१	३७०	स्वास्थ्य मन्त्रालय	३५२०७५८७	५३५५४४०	०	४०५६३०२७
४२	३७१	श्रम तथा रोजगार मन्त्रालय	८६९४८६	२०६२४६	०	१०७५७३२
४३	३९१	राष्ट्रिय योजना आयोगको सचिवालय	१०३७५०३	६६९८२	०	११०४४८५
४४	५०१	अर्थ मन्त्रालयवित्तीय - व्यवस्था	०	०	७२२१२६२२	७२२१२६२२
४५	६०१	अर्थ मन्त्रालयकर्मचारी - सुविधा तथा सेवानिवृत्त सुविधा	७६१८४०००	०	०	७६१८४०००
४६	६०२	अर्थ मन्त्रालय- विविध (राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग समेत)	४३४४१३८७	६०७९००००	०	१०४२३१३८७
		जम्मा	५९४३५२६६७	३११९४६३२५	७६३३५१२२	९८२६३४११४

आज्ञाले,
टेकप्रसाद ढुङ्गाना
नेपाल सरकारको सचिव

प्रमाणीकरण मिति : २०७३।३।३०

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।-
गो.हु.द.नं. १६।२०६२।६३

529